इमेल —barengrm@gmail.com
वेब —www.barengmun.gov.np

# बरेङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर बागलुङ

पत्र संख्या:२०८०-८१
चलानी नं.: 222

गण्डकी प्रदेश, नेपाल

मिति:२०८०-०८-१२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)
सिंहदरबार,काठमाडौं ।

विषय: प्रगति विवरण पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको समन्वयमा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रद्वारा सञ्चालन गरिएको आ.व.२०८०-८१ को पहिलो चौमासिकको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको विवरण यसै पत्र साथ पठाइएको व्यहोरा अनुरोध छ ।

२०८०।०८।१२

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत



प्रधानमन्त्री रोजगार कार्यक्रम

पहिलो चौमासिक प्रगति प्रतिवेदन

आ.व. २०८०-०८१

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर बागलुङ
२०७३

**<u>तयार गर्ने</u>**

रोजगार सेवा केन्द्र

बरेङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

**<u>पेस गर्ने</u>**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

काठमाडौँ

# रोजगार सेवा केन्द्र
## आर्थिक प्रतिवेदन-२०८०-०८१
### पहिलो चौमासिक खर्च विवरण

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक तलब | नेपाल सरकार | ५६८००० | २१८४४५ | ३४९५५५ | |
| २ | स्थानीय भत्ता | | ४८००० | ५४०० | ४२६०० | |
| | | | ६१६००० | २२३८४५ | ३९२१५५ | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार सहायक तलब | आई.डि.ए | ४५२००० | १७३६५० | २७८३५० | |
| २ | स्थानीय भत्ता | | ३९००० | ३८०० | ३५२०० | |
| | | | ४९१००० | १७७४५० | ३१३५५० | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायक तलब | आई.डि.ए | ४५२००० | १७३६५० | २७८३५० | |
| २ | स्थानीय भत्ता | | ३९००० | ३८०० | ३५२०० | |
| | | | ४९१००० | १७७४५० | ३१३५५० | |

तयार गर्ने
रोजगार संयोजक
केशबराज क्षेत्री

रुजु गर्ने
लेखा प्रमुख
संगिता शर्मा

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत
जित बहादुर राना

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर बागलुङ
२०७३

# प्रधानमन्त्री रोजगार कार्यक्रम

## आ.व. २०८०/८१ को पहिलो चौमासिक प्रगति प्रतिवेदन

**परिचय:**

नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको रोजगार सम्बन्धी हक र त्यसैको आधारमा निर्माण भएका रोजगारीको हक सम्बन्धी ऐन,२०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७, एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८० बमोजिम यस गाउँपालिकाको रोजगार केन्द्रमा सूचीकृत बेरोजगारहरूलाई न्यूनतम रोजगारी दिने उद्देश्यका साथ विभिन्न सामुदायिक आयोजनाहरूसहित विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएको छ ।

**उद्देश्य:**

- उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरूमा वृद्धि गर्ने,
- दक्ष, सिपयुक्त, क्षमतावान् र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,
- सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउने
- आप्रवासीहरूको सामाजिक एवं आर्थिक रूपमा पुन:एकीकरण गर्ने
- रोजगारमैत्री लगानी प्रोत्साहन गर्ने,
- सिपको स्थानान्तरण,
- न्युन आय भएका, अपाङ्ग, महिला, दलित तथा पिछडिएका समुदायलाई सहकारी, सरकारी तथा गैरसरकारी संघ संस्था संग समन्वय गरी पुँजी निर्माण र आयआर्जनमा प्रेरित गराउने,
- बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउनका लागि सामुदायिक योजनारू सञ्चालन गर्ने,
- समान ज्यालाको सही कार्यान्वयन गर्ने
- काम गरेको ज्याला सिधैं कामदारको आफ्नै खातामा पठाउने

**सम्पन्न भएका क्रियाकलाप तथा योजनाहरू:**


यस गाउँपालिकाको रोजगार सेवा केन्द्रले आ.व. २०८०-०८१ को पहिलो चौमासिकसम्ममा तपसिल बमोजिमका क्रियाकलापहरू सम्पन्न भएका छन् ।


- सूचीकृत बेरोजगार व्यक्तिहरूको विवरण १२४१ रहेको
- वडाबाट प्राप्त योजनालाई स्थानीय निर्देशक समितिबाट हेरफेर गरी गाउँसभाबाट पारित गरी रातो किताबमा योजना समावेश गरिएको,
- बेरोजगार व्यक्तिहरूको प्राथमिकीकरण गरी वेबसाइटमा प्रकाशन गरिएको,
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनाहरूको कार्यान्वयन सरलीकृतका लागि प्राविधिकसँग समन्वय र सहकार्य गरी योजनाहरूको लागतमा आधारित रही गर्नुपर्ने कामहरूको विस्तृत विवरणसहितको डिजाइन इष्टिमेट तयार गरिएको,
- केही वडामा सूचीकृत बेरोजगारहरूलाई अभिमुखीकरण गरी रोजगार उपभोक्ता समितिको गठन सङ्गै कामको सुरुआत भएको,
- आई.डि.ए. र नेपाल सरकारको बजेट गरी जम्मा १० ओटा आयोजना रहेको,
- वैदेशिक रोजगारमा जाने १५ जना (बहराइन, कतार, जापान, मलेसिया, ओमन, दुवइ, कुवेत र साउदी ) को श्रम स्वीकृतिमा सहजीकरण गरिएको,
- वैदेशिक रोजगार बोर्ड सम्बन्धी विदेशमा मृत्यु भएका व्यक्तिको घरपरिवालाई आर्थिक सहायतामा सहजीकरण गरिएको र सोही परिवारका सदस्यले ७ लाख रकम प्राप्त गरेका,
- नियमित रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण अद्यावधिक ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आयोजना सञ्चालनका लागि प्राप्त बजेट:**


- प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट प्राप्तः रू.२६११०००।-
- युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना आइ.डि.ए.बाटः रू.२६७४०००।-
- स्थानीय तहबाट परिचालन भएको बजेटः रू.११५५०००।-
- कुल रकमः रू.६४४००००।-

# आयोजना सर्वे गर्दाका केही फोटोहरू









काम गर्नुपूर्व अभिमुकीकरण कार्यक्रमका फोटो






समस्या:

- समयमा पत्राचार नहुनाले काम गर्न अन्यौलता हुने गरेको
- मापदण्ड अनुसारको काम गराउनका लागि दक्ष जनशक्तिको अभाव
- कार्यक्रमप्रतिको धारणा परिवर्तन हुन नसक्दा कार्यान्वयनमा असहजता
- न्यून बजेट, असीमित आवश्यकता
- अनुत्पादक क्षेत्रमा बजेटको प्रयोग भएको

सुझाव

- योजना छनौट भइसकेपछि सामान्यतया सीपमुलक तालिमको व्यवस्था हुनुपर्ने
- रोजगार सेवा केन्द्रलाई समयमा नै पत्राचार गरी काम गर्न निर्देशन दिनुपर्ने
- स्थानीय जनप्रतिनिधिलाई कामप्रति अपनत्व बोध गराउनुपर्ने
- उत्पादक तथा दीर्घकालीन सिप विकासका लागि काम गर्ने गरी कार्यविधि परिवर्तन हुनुपर्ने ।

तयार गर्ने
केशबराज क्षेत्री
रोजगार संयोजक

२०८०।०८।१२
प्रमाणित गर्ने
जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत